# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा स्पर्स लघुवित्त वित्तीय संस्था लिमिटेडको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले २०७४ साउन २७ गते पोखरा लेखनाथ महानगरपालिकास्थित विजयपुरमा केन्द्रीय कार्यालय रहेको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था स्पर्स लघुवित्त वित्तीय संस्था लिमिटेडको समुद्घाटन गर्नु भयो ।



उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले समाजमा रहेका विपन्न, पिछडिएका र आर्थिक रुपले पछि परेका जनताको आय आर्जन बढाई उनीहरुको जीवनस्तर उकास्न लघु वित्त संस्थाहरुको भूमिका महत्वपूर्ण हुने बताउनु भयो । अझै पनि नेपालका अधिकांश जनतामा वित्तीय पहुँच पुग्न नसकेको बताउनु हुदै गभर्नर डा. नेपालले तुलनात्मक रुपमा उच्च गरिबी भएका ग्रामीण क्षेत्रहरुमा लघुवित्त वित्तीय संस्थाहरुलाई शाखा खोल्न प्रोत्साहन गरिने नीति ल्याइएको बताउनु भयो । गभर्नर डा. नेपालले यसबाट वित्तीय पहुँच बढ्नुको साथै गरिबी निवारणमा सहयोग पुग्ने तथा देशको आर्थिक विकासमा समेत योगदान पुग्ने बताउनु भयो ।

लघुवित्त वित्तीय संस्थाहरुले विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थानमा सकारात्मक परिवर्तन ल्याउने तथा विपन्नबाट सम्पन्न बनाउने एउटा आधारशिला भएको बताउनु हुँदै गभर्नर डा. नेपालले ग्रामीण क्षेत्रमा शाखा विस्तार गरी सहज रुपमा जनतालाई वित्तीय सेवा उपलब्ध गराउनु पर्ने बताउनु भयो । ऐन नियम र कानूनको परिपालना तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशनहरु पूर्णरुपमा लागु गरी संस्था सञ्चालन गर्नेतर्फ सञ्चालक तथा व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो ।

अन्त्यमा गभर्नर डा. नेपालले संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नु हुदै संस्थाले त्यस क्षेत्रको आर्थिक विकासमा उच्च योगदान दिने विश्वास व्यक्त गर्नु भयो ।




यसैगरी, गभर्नर डा. नेपालले सोही दिन युवाहरुलाई उद्यमशिलतातर्फ आकर्षित गर्ने उद्देश्यका साथ पोखरामा आयोजित CROSS THE BORDER कार्यक्रमलाई सम्बोधन गर्नु भयो । उक्त कार्यक्रममा गभर्नर डा. नेपालले देशको बर्तमान आर्थिक स्थिति तथा नेपाल राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीतिमा भएका नीतिगत व्यवस्थाहरुको बारेमा जानकारी गराउनु भयो । वित्तीय स्थायित्वको प्रवर्द्धन गर्ने, मूल्य तथा बाह्य स्थायित्व कायम गर्ने र आर्थिक वृद्धिदरलाई सहयोग पुऱ्याउने गरी आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीति ल्याइएको बताउनु भयो । उक्त कार्यक्रममा उद्यमी व्यवसायीहरु, प्राध्यापक तथा विद्यार्थीहरु र बैंकर तथा पत्रकारहरुको उपस्थिति रहेको थियो ।

२०७४ साउन २७, शुक्रबार

गभर्नरको कार्यालय